# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ५ गते २०१८ साल

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

गौंडा गढी गोस्वाराको बहिबुझाउने जङ्गी खरखजाना कागजपत्र इत्यादि जिम्मा दिनेसमेत निम्न लेखिए बमोजिम गर्ने गराउने श्री ५ को सरकारबाट ०१७।१०।२६ मा निर्णय भएको छ ।

१. बडाहाकिमहरूको जिम्मा रहनेः- सरकारी छाप हतियार खजाना कोर्ड कर्मचारीहरूको गोप्य रिपोर्ट, उहांलाई ठेकिएको सवारीको साधन, जिल्लाको राजनैतिक रिपोर्ट, गुप्तचरहरूको नामावली शान्ति सुरक्षामा बाधा विरोध पुर्याउने आशंका भएका व्यक्तिहरूको नामावली, ब.हा. को निवासस्थानमा रहेका मालसामानहरू तथा माथिल्लो तहबाट ब.हा. को जिम्मा रहने भनी किटिएका सरकारी गोप्य आदेश र निर्देशनहरू ।

२. असिष्टेन्टहरूको जिम्मा रहनेः नागरिकता सम्बन्धी प्रमाण पत्रको किताब, चलतीका सबै कागज पत्रहरू असिष्टेन्टको निवासस्थानमा रहेका माल सामानहरू, हतियार खजाना तथा विष्फोटन सम्बन्धी लाईसेन्सको किताब, तथा सांध सीमाना सम्बन्धी झै झगडाको तथा स्रेस्ता।



२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. तहरीरहरूको जिम्मा रहनें: माथि लेखिएको दफा १ र दफा २ हरूमा लेखिए देखि बाहेकका सबै जिन्सी माल सामानहरू कागजपत्रहरू स्याहा स्रेस्ता र नगद ।

४ विकासको सम्बन्धमा तोकिएको अधिकारीले गर्नें: विकास पट्टिको खर्चको स्याहा स्रेस्ता विकास पट्टिको तोकिएको कर्मचारीले गर्ने

बडा हाकिमले आफ्नू जिम्मा रहने र आफ्नू मातहतको कर्मचारीको जिम्मा रहने नगद जिन्सीको निमित्त प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा अवश्यनै जिम्मावार रहनु पर्छ र बही बुझाउने कलमा बही बुझाउने कर्मचारीको राय बडाहाकिमले लिनु पर्छ र त्यस्तो कर्मचारीको राय बडाहाकिमसंग नमिलेमा सो कुराको कैफियत सम्बन्धी श्रेस्तामा जनाई बडाहाकिमको राय अनुसार कम्म काज फछ्र्याट हुनु पर्छ ।

आज्ञाले–
(क्षेत्रविक्रम राणा,)
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।